# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 22.05.2025**

---

***प्रस्तुत छ प्रमुख समाचार***

- *प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले ओपरेशन सिन्दूर अन्तर्गत- आतंकीहरूका ठेगाना नष्ट गरि पाकिसातानलाई सठीक जवाफ दिएको, भन्नुभएकोछ ।*
- *श्री मोदीले बीकानेरको पलानामा आयोजित सार्वजनिक समारोहमा 26 हजार करोढ़ रूपियाँ भन्दा बढ़ि लागतका कैयन विकास परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुभयो । उहाँले 18 राज्य अनि केन्द्र शापित प्रदेशका 86 जिल्लाहरूमा 103 पुनर्निवासित अमृत स्टेशनहरूको उद्धाटन पनि गर्नुभयो ।*
- *प्रधानमन्त्रीले भोलि बिहान नयाँ दिल्लीको भारत मण्डपममा राईजीङ नर्थ इस्ट इन्वेस्टर सम्मिट को उद्धाटन गर्नुहुनेछ ।*
- *भारतले भारत र पाकिस्तान बीच कुनैपनि कुराकानी दिपक्षी. हुनुपर्ने आफ्नो अढ़ानमा पुन जोढ़ दिएकोछ ।*
- *आई पि एल क्रिकेटमा अहमदावादमा गुजरात टाइटन्सको भिड़न्त लखनऊ सुपर जायंट्ससित भईरहेकोछ ।*

---

***Operation- Sindoor- Bolton***

अमेरीकाका पूर्व राष्ट्रीय सुरक्षा सल्लाहकार जाँन बोल्टनले पाकिस्तानका आतंकी ठेगानाहरूमा भारतको आत्म- रक्षात्मक कार्रवाईलाई युक्तिसंगत बताउनुभएकोछ । यो कार्रवाई, पहलगाममा भएको आतंकी हमलामा 26 मानिसहरूको हत्या भएपछी गरिएको थियो । श्री बोल्टनले एक निजी समाचार चैनललाई हिजो के भन्नुभयो भने, पाकिस्तानालाई आफ्ना सीमानाहरू भित्र, आतंकी गतिविधिहरूलाई नियंत्रित गर्नपर्छ नत्र भने यसका गंभीर परिणाम हुनसक्छ । उहाँले भन्नुभयो, चीनले पाकिस्तानलाई सैन्य विमान दिएकोछ र पाकिस्तानमा चीनको बढ़दो प्रभाव, भारतका लागि चिन्ताको विष्य हो ।

---

***Miori Japan***

विदेश सचिव विक्रम मिस्रीले आज टोक्योमा जापानका उप विदेश मन्त्री ताकेहिरो फुताकोशी सित भेट गर्नुभयो । भेटघाटको बेला, श्री मिस्रीले आतंकवादबारे भारतको शून्य सहिष्णुताको संदेश दिनुभयो । कुराकानीमा, भारत जापान विशेष रणनीतिक तथा वैश्विक सहभागिता बढाउनबारे पनि चर्चा भयो । श्री मिस्रीले जापानका वरिष्ठ उप विदेश मन्त्री हिरोयुकी नामाजु सित पनि बैठक गर्नुभयो । बैठकको बेला, उहाँहरूले भारत- प्रशान्त क्षेत्रमा भारत- जापान सहयोग र आपसी हितका अन्य मामिलाहरू बारे पनि विचारहरूको आदान- प्रदान गर्नुभयो ।

---

***Modi Rajasthan***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो भारतले ओपरेशन सिन्दूर अन्तर्गत, आतंकीहरूका ठेगानाहरू नष्ट गरि पाकिस्तानलाई सठीक जवाफ दिएकोछ। उहाँले भन्नुभयो, सरकारले सशस्त्र बलहरूलाई कार्रवाई गर्ने पूरा छूट दिएकोछ जसले गर्दा तीनै सेनाले सामाजिक जाल बिछाउन सक्यो अनि पाकिस्तानलाई घुंड़ा टेक्नु परयो। श्री मोदीले भन्नुभयो, पाकिस्तानसित केवन पाक अधिकृत कश्मीरबारे नै कुरा हुनेछ।

प्रधानमन्त्रीले अमृत भारत, नमो भारत र वंदे भारत रेलगाड़ीहरू देशको गति र प्रगतिका प्रतिबिम्ब भएको भन्नुभयो। उहाँले भन्नुभयो, बुलेट ट्रेन परियोजनाबारे काम चलीरहेकोछ र सरकारले देशभरिमा 1300 रेलवे स्टेशनहरूलाई अमृत भारत स्टेशनहरूको रूपमा पुनर्विकसित गर्नका लागि कार्य गरि रहेकोछ। प्रधानमन्त्री मोदीले यस कुरामाथि जोढ़ दिनुभयो कि अमृत भारत स्टेशनले भारतको हजारौ वर्ष पुरानो विरासतलाई मात्र संरक्षित गर्दैन बरू राज्यहरूमा पर्यटन विकासका लागि उत्प्रेरकको पनि काम गर्छन- जसले युवाहरूका लागि रोजगारका अवसरहरू सृजित हुन्छन्। उहाँले मानिसहरूसित स्टेशनहरूको स्वच्छता र सुरक्षा सुनिश्चित गरिने आहवान समेट गर्नुभयो।

यस अघि, बीकानेरको पलानामा आयोजित सार्वजनिक समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज 26 हजार करोढ़ रूपियाँ भन्दा बढ़ि लागतका कैयन विकास परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुभयो। यस अवसरमा प्रधानमन्त्रीले 18 राज्य अनि केन्द्र शासित प्रदेशका 86 जिल्लाहरूमा 103 पुनर्विकसित अमृत स्टेशनहरूको उद्घाटन गर्नुभयो।

यस अवसरमा रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभयोस प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रेलवेमा परिवर्तनकारी सुधारहरू भई रहेकाछन्।

---

## ***जयशंकर- ओपरोशन सिन्दूर***

विदेश मन्त्री डां एस जयशंकरले आज भन्नुभएकोछ, ओपरेशन सिन्दूर को बेलास गोलीबारी र सैन्य कार्रवाई बन्द गर्नबारे भारत र पाकिस्तान बीच सोझो कुराकानी भएको थियो नीदरलैण्ड स्थित एक प्रसारकली दिइएको साक्षात्कारमा डां जयशंकरले भन्नुभयो, अमरेकी विदेश मन्त्री मार्क रूबियोले उहाँसित कुरा गर्नुभयो त्यसपछी अमरीकी उपराष्ट्रपति जे डी वान्स ले प्रधानमन्त्री नरेन्द्र मोदीसित कुराकानी गर्नुभएको थियो। उहाँले दुई देशहरू बीच संघर्षको बेला, देशहरूले एक अर्कालाई फोन गर्न स्वाभाविक हो भनि जोढ़ दिनुभयो।

---

## ***MEA Briefing***

भारतले आज भारत र पाकिस्तान बीच कुनैपनि कुराकानी दिपक्षीय हुनुपर्ने आफ्नो अढान भएकोमा पुन जोढ़ दिएकोछ। जानकारी दिँदै परराष्ट्र मंत्रालयका प्रवक्ता रणधीर जायसवालले वार्ता र आतंक एकै साथ हुनु न सक्ने भन्नुभयो।

पाकिस्तानलाई केही वर्ष अघि उपलब्ध गराइएको भारतलाई सुम्पिने आतंककारीहरूको सूचीबारे कुरा गर्न भारत वपार छ, उहाँले भन्नुभयो।

---

## ***मध्यप्रदेश- अमृत भारत स्टेशन***

प्रधानमन्त्री नरेन्द्र मोदीले देशका 103 अमृत स्टेशनहरू साथै आज मध्यप्रदेशका छह अमृत स्टेशनहरू- सिवनी, शाजापुर, ओरछा, नर्मदापुरम, श्रीधाम र कटनी साउथको पनि उद्घाटन गर्नुभयो। बीकानेर बाट विडियो कन्फ्रेन्स मार्फत उहाँले यो उद्घाटन गर्नुभयो।

महाराष्ट्रमा, मुम्बई उप नगरीय क्षेत्र लगायत जम्मा 15 स्टेशनहरू अमृत भारत स्टेशन योजना अन्तर्गत पुर्नविकसित गरिएका छन्।

---

***गोवा- उप राष्ट्पति***

उप- राष्ट्रपति जगदीप धनखढ़ले भारतको प्राचीन ज्ञान प्रणालीहरूलाई पुर्नजीविक गर्नका लागि, साक्ष्य आधारित सत्यापन, डिजिटीकरण, अनुवाद र अन्तर- विषयक अध्ययनहरूको महत्का जोढ़ दिनुभएकोछ। श्री धनखढ़ले गोवाको राजभवनमा चरक र सुश्रुतका प्रतिमाहरूको अनावरण गरेपछी आफ्नो संबोधनमा पारम्परिक ग्रन्थहरूलाई वर्तमान चुनौतिहरूका लागि, सुलभ अनि प्रासंगिक बनाउने आवश्यकतामा जोढ़ दिनुभयो।

---

***आई पी एल***

आई पी एल क्रिकेटमा, गुजरात टाइटन्स को सामना, अहमदावादको नरेन्द्र मोदी स्टेडियममा लखनऊ सुपर जायंट्ससित हुँदैछ।

---

***PM Rising***

पूर्वोत्तर क्षेत्रलाई अवसरको भूमिको रूपमा उजागर गर्ने वैश्विक र घरेलु लगानी आकर्षित गर्ने र प्रमुख सरोकारवालहरू, लगानीकर्ताहरू र नीति निर्माताहरूलाई एउटै मञ्चमा ल्याउने उद्देश्यका साथ प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भेलि बिहान 10:30 बजे नयाँ दिल्लीको भारत मण्डपममा राइजिङ नर्छ इस्ट इन्भेस्टर्स समिटको उद्घाटन गर्ने हुनेछ।

23 देखि 24 मईसम्म हुने दुई दिवसीय कार्यक्रम, राइजिङ नर्छ इस्ट इन्भेस्टर्स समिट, शिखर सम्मेलनपूर्व विभिन्न गतिविधिहरूको समापन हो।

---

***अन्त्यमा प्रमुख समाचार फेरि एकपल्ट***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले ओपरेशन सिन्दूर अन्तर्गत- आतंकीहरूका ठेगाना नष्ट गरि पाकिसातानलाई सठीक जवाफ दिएको, भन्नुभएकोछ।***
- ***श्री मोदीले बीकानेरको पलानामा आयोजित सार्वजनिक समारोहमा 26 हजार करोढ़ रूपियाँ भन्दा बढ़ि लागतका कैयन विकास परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुभयो। उहाँले 18 राज्य अनि केन्द्र शापित प्रदेशका 86 जिल्लाहरूमा 103 पुनर्निवासित अमृत स्टेशनहरूको उद्घाटन पनि गर्नुभयो।***
- ***प्रधानमन्त्रीले भोलि बिहान नयाँ दिल्लीको भारत मण्डपममा राईजीङ नर्थ इस्ट इन्वेस्टर सम्मिट को उद्घाटन गर्नुहुनेछ।***
- ***भारतले भारत र पाकिस्तान बीच कुनैपनि कुराकानी दिपक्षी. हुनुपर्ने आफ्नो अढ़ानमा पुन जोढ़ दिएकोछ।***
- ***आई पि एल क्रिकेटमा अहमदावादमा गुजरात टाइटन्सको भिड़न्त लखनऊ सुपर जायंट्ससित भईरहेकोछ।***